Source: abc.net

अनुकूलन वित्तको जवाफदेहिताका लागि पहल

नेपाल जलवायु परिवर्तनको असरबाट उच्च जोखिममा रहेको छ । यो समस्यालाई सम्बोधन गर्न नेपाल सरकारले राष्ट्रिय अनुकूलन कार्यक्रम (National Adaptation Program of Action, NAPA), जलवायु परिवर्तन नीति-२०६७ र स्थानीय अनुकूलन कार्ययोजना (Local Adaptation Plan of Action, LAPA) को तर्जुमा गरिसकेको छ । तर यी नीति तथा कार्यक्रमहरूलाई लागू गर्न आवश्यक वित्तीय स्रोतको पर्याप्ततामा भने ठूलो खाडल देखा परेको छ । विभिन्न बहुपक्षीय र दुईपक्षीय निकायहरूले हालका वर्षहरूमा नेपाललाई जलवायु परिवर्तनसँग जुझ्न आर्थिक सहायता उपलब्ध गराइरहेका छन् । जलवायु परिवर्तनका लागि रकम प्रवाह हुन सुरू भए पनि स्पष्ट वित्तीय संरचनाको अभावमा आवश्यक रकमको अनुमान, प्रतिबद्धता अनुरूप सहायता प्रवाहको अवस्था तथा प्राप्त सहायताको सही उपयोग भएको छ/छैन भन्ने आङ्कलन गर्न निकै कठिन रहेको छ ।

विभिन्न बहुपक्षीय र दुईपक्षीय निकायहरूले हालका वर्षहरूमा नेपाललाई जलवायु परिवर्तनसँग जुझ्न आर्थिक सहायता उपलब्ध गराइरहेका छन् । जलवायु परिवर्तनका लागि रकम प्रवाह हुन सुरू भए पनि स्पष्ट वित्तीय संरचनाको अभावमा आवश्यक रकमको अनुमान, प्रतिबद्धता अनुरूप सहायता प्रवाहको अवस्था तथा प्राप्त सहायताको सही उपयोग भएको छ/छैन भन्ने आङ्कलन गर्न निकै कठिन रहेको छ ।

Source: zed-booksblogspot.com

...विकासोन्मुख राष्ट्रहरूलाई अनुकूलनका लागि छुट्याइएको वास्तविक रकम कति हो ? यस्तो रकम कुन संयन्त्रबाट प्रवाहित भैरहेको छ ? स्थानीय तहसम्म रकम पुगेको छ या छैन ? विपन्न तथा अति सङ्कटासन्न समुदायको वास्तविक आवश्यकता पूर्ति र स्रोतमा पहूँच कसरी बढाउन सकिन्छ ?

यसैगरी, विगत केही वर्ष यता विकासोन्मुख राष्ट्रहरूमा जलवायु परिवर्तनको समस्यालाई सम्बोधन गर्न अन्तर्राष्ट्रिय जलवायु वित्तको प्रवाह हुन थालेको छ । यस बीचमा विकासोन्मुख राष्ट्रहरू आफैंले पनि जलवायु परिवर्तन अनुकूलन र समानुकूलनलाई प्राथमिकतामा राखी स्रोतहरू छुट्याउन थालिसकेका छन् । यस अवस्थामा विकासोन्मुख राष्ट्रहरूलाई अनुकूलनका लागि छुट्याइएको वास्तविक रकम कति हो ? यस्तो रकम कुन संयन्त्रबाट प्रवाहित भैरहेको छ ? स्थानीय तहसम्म रकम पुगेको छ या छैन ? विपन्न तथा अति सङ्कटासन्न समुदायको वास्तविक आवश्यकता पूर्ति र स्रोतमा पहूँच कसरी बढाउन सकिन्छ ? यी लगायतका प्रश्नहरूको जवाफ खोज्न र जलवायु परिवर्तन अनुकूलनको वित्तीय प्रवाहमा पारदर्शिता ल्याउन नेपालसहित फिलिपिन्स, युगान्डा र जाम्बियामा अनुकुलन वित्तको जवाफदेहिताका लागि पहल (Adaptation Finance Accountability Initiative- AFAI) परियोजना सञ्चालनमा रहेको छ । नेपालमा अक्सफाम (OXFAM) र स्वच्छ ऊर्जा नेपालको सहकार्यमा सञ्चालित यस परियोजनाको Oversease Development Institute (ODI) / World Resource Institute (WRI) अन्तर्राष्ट्रिय साझेदार निकायहरू हुन् भने Rockefeller Foundation ले आर्थिक सहयोग उपलब्ध गराएको छ ।

सन् २०१३ र १४ गरी २ वर्ष सञ्चालनमा रहने यस परियोजनाले नेपालमा जलवायु परिवर्तन अनुकूलनका लागि उपलब्ध आर्थिक सहायताको लेखाजोखा र प्रवाहको राष्ट्रिय र जिल्ला हुँदै समुदाय स्तरसम्म अध्ययन गरी अनुकूलनका लागि उपलब्ध आर्थिक सहायताको प्रभावकारिता, पारदर्शिता, जवाफदेहिता तथा लक्षित वर्गको पहूँच सुनिश्चित गर्नका लागि बहस पैरवी गर्नेछ । साथै, अनुकूलन आर्थिक सहायता सम्बन्धी राष्ट्रिय स्तरमा देखिएका मुद्दाहरूलाई अन्तर्राष्ट्रिय स्तरमा समेत पुऱ्याउने प्रयास गरिनेछ ।

आधिकारिक विकास सहायता र जलवायु वित्त

विकसित राष्ट्रहरूले आफ्नो राष्ट्रिय आयबाट विकासोन्मुख राष्ट्रहरूको समग्र आर्थिक तथा सामाजिक विकासका लागि सहयोग पुऱ्याउँदै आइरहेका छन् । स्वयम् प्रतिबद्धता जाहेर गरेर आधिकारिक निकायहरू मार्फत् आईरहेका उक्त सहायताहरू आधिकारिक विकास सहायता (Official Development Assistance-ODA) अन्तर्गत पर्दछ । तर, जलवायु परिवर्तनका कारण विकासोन्मुख राष्ट्रहरूले थप आर्थिक भार व्यहोरिरहनु परेको छ । जलवायु परिवर्तनको कारक हरितगृह ग्यासको उत्सर्जनमा विकसित राष्ट्रहरूबाट नै उल्लेख्य भूमिका भएको तर कमजोर क्षमताका कारण असर र क्षति भने अतिकम विकसित र विकासोन्मुख राष्ट्रहरूमा धेरै पर्ने भएकाले यो एउटा अन्तर्राष्ट्रिय न्याय र समानताको विषय हो । तसर्थ, विकासोन्मुख राष्ट्रहरूलाई जलवायु परिवर्तनसँग जुझ्नका लागि विकसित राष्ट्रहरूले थप आर्थिक तथा प्राविधिक सहयोग गर्नुपर्ने प्रावधान सन् १९९२ को जलवायु परिवर्तन सम्बन्धी संयुक्त राष्ट्रसङ्घीय महासन्धिमा उल्लेख गरिएको छ ।

Source:CDKN

विकास सहायता र जलवायु परिवर्तन आर्थिक सहायता दुवै विकसित राष्ट्रहरूले विकासशील राष्ट्रहरूमा गर्ने सहायता भएका कारण यसमा केहि समानता र भिन्नताहरू छन् । आधिकारिक विकास सहायता अन्तर्गत विकसित राष्ट्रहरूले आफ्नो कुल ग्रार्हस्थ्य उत्पादनको कम्तिमा ०.७% सहयोग प्रदान गर्ने प्रतिबद्धता जनाएका छन् । अनुदान र ऋण दुवै हुन सक्ने उक्त सहयोग ऋण भए कम्तिमा २५% अनुदान र सहुलियतपूर्ण ब्याजदर हुनुपर्ने प्रावधान छ । नेपालले पनि स्वास्थ्य, शिक्षा, कृषि, भौतिक पूर्वाधारलगायतका क्षेत्रहरूमा विभिन्न दातृ राष्ट्रहरूबाट सहयोग प्राप्त गर्दै आईरहेको छ । अर्कोतर्फ, जलवायु परिवर्तनसँग जुझ्नका लागि आवश्यक रकमको भने विभिन्न अध्ययनहरूले भिन्नाभिन्नै अनुमानहरू लगाएका छन् । सन् २०१० मा मेक्सिकोको क्यानकुन सहरमा भएको पक्ष राष्ट्रहरूको १६औँ सम्मेलनमा विकसित राष्ट्रहरूले जलवायु परिवर्तन अनुकुलन र न्यूनीकरणका लागि विकासशील राष्ट्रहरूलाई सन् २०१० देखि २०१२ सम्मका लागि ३० अर्ब अमेरिकी डलर प्रदान गर्ने र सो रकमलाई सन् २०२० सम्ममा बढाएर १ खर्ब अमेरिकी डलर पुऱ्याउने प्रतिबद्धता जाहेर गरेका छन् ।

आधिकारिक विकास सहायता अन्तर्गत विकसित राष्ट्रहरूले आफ्नो कुल ग्रार्हस्थ्य उत्पादनको कम्तिमा ०.७% सहयोग प्रदान गर्ने प्रतिबद्धता जनाएका छन् । अनुदान र ऋण दुवै हुन सक्ने उक्त सहयोग ऋण भए कम्तिमा २५% अनुदान र सहुलियतपूर्ण ब्याजदर हुनुपर्ने प्रावधान छ । नेपालले पनि स्वास्थ्य, शिक्षा, कृषि, भौतिक पूर्वाधार लगायतका क्षेत्रहरूमा विभिन्न दातृ राष्ट्रहरूबाट सहयोग प्राप्त गर्दै आईरहेको छ ।

जलवायु परिवर्तन सम्बन्धी महासन्धिमा अनुकूलन र न्यूनीकरणका लागि गरिनुपर्ने उक्त सहायता विकसित राष्ट्रहरूले प्रदान गर्दै आइरहेको आधिकारिक विकास सहायता भन्दा नयाँ र अतिरिक्त हुनुपर्ने स्पष्ट प्रावधान छ । तर, विकास सहायताका लागि गरिएको प्रतिबद्धता नै धेरै राष्ट्रहरूले पुरा नगरी रहेको अवस्थामा नयाँ र अतिरिक्त सहायता प्राप्त हुने कुरा चुनौतिकै रूपमा रहेको छ । विकास सहायता दातृ राष्ट्रको सरकारी वा सरकारले तोकेको आधिकारिक कार्यान्वयन निकायहरू मार्फत् दुईपक्षीय एवं बहुपक्षीय प्रकृयाबाट प्राप्त हुन्छ । जलवायु वित्तका लागि जलवायु परिवर्तन सम्बन्धी संयुक्त राष्ट्रसङ्घीय महासन्धि अन्तर्गत र बाहिर विभिन्न संरचनाहरू निर्माण भइसकेका छन् । हाल विकसित राष्ट्रहरूले पहिले नै प्रतिबद्धता जाहेर गरिसकेको विकास सहायताको रकमलाई जलवायु परिवर्तनका लागि सहयोग भन्ने प्रयासहरू भएको देखिन्छ भने कतिपय अवस्थामा एउटै सहयोगलाई दोहोरो गणना गरिएको समेत देखिएको छ ।

Source: Climateequity.org

जलवायु वित्त जलवायु अनुकूलन र न्यूनीकरणका लागि प्रवाह गरिनु पर्छ । साथै, आधिकारिक विकास सहायतालाई निरन्तरता दिनु र आफ्नो प्रतिबद्धताको प्रभावकारी कार्यान्वयन गर्नु विकसित राष्ट्रहरूको जिम्मेवारी हो । तसर्थ, यी दुई सहायताको छुट्टाछुटै लेखाजोखा हुनु अत्यन्त जरूरी छ ।

सहयोगको दोहोरो गणना, जलवायु परिवर्तनमा आवश्यकता भन्दा अत्यन्त न्यून सहयोगको प्रतिबद्धता, महासन्धिभित्रका संरचनाहरूमा रकमको अभाव, सहयोगका लागि विकसित राष्ट्रहरूले महासन्धि बाहिरका प्रकृयाहरूलाई बढि प्राथमिकता दिनु र विकास सहायताको रकमलाई नै जलवायु परिवर्तनमा मोडिनु, आदि चुनौतिहरू विद्यमान रहेका छन् । जलवायु वित्त जलवायु अनुकूलन र न्यूनीकरणका लागि प्रवाह गरिनु पर्छ । साथै, आधिकारिक विकास सहायतालाई निरन्तरता दिनु र आफ्नो प्रतिबद्धताको प्रभावकारी कार्यान्वयन गर्नु विकसित राष्ट्रहरूको जिम्मेवारी हो । तसर्थ, यी दुई सहायताको छुट्टाछुटै लेखाजोखा हुनु अत्यन्त जरूरी छ ।

जलवायु वित्तका स्रोतहरू

सन् २०१० मा मेक्सिकोको क्यानकुन सहरमा भएको पक्ष राष्ट्रहरूको १६औं सम्मेलनको निर्णयपछि विकसित राष्ट्रहरूले प्रतिबद्धता गरेको रकम कसरी जुटाउने भन्ने विषय बहसमा छ । सामान्यतयाः आर्थिक स्रोतहरू सार्वजनिक, निजी र नयाँ स्रोत गरि तीन प्रकारका रहेका छन् । सार्वजनिक स्रोत भन्नाले विकसित राष्ट्रहरूको बजेटबाट जलवायु परिवर्तनका लागि छुट्याइएको रकम; निजी स्रोत भन्नाले विकसित राष्ट्रका निजी कम्पनी तथा व्यवसायीहरूले जलवायु परिवर्तनका क्षेत्रमा गर्ने लगानी र नयाँ स्रोत भन्नाले कुनै नयाँ ढङ्गबाट उठाइएको पैसालाई जनाउँदछ । नयाँ स्रोतहरूको उदाहरणमा अनुकूलन कोषका लागि कार्बन व्यापारमा लाग्ने २ प्रतिशत शुल्क यूरोपेली सङ्घको प्रस्तावित हवाइ तथा पानीजहाजको यात्रामा लाग्ने अतिरिक्त कर आदि पर्दछन् । यी विभिन्न स्रोतहरूबाट उठेको रकमले विकासोन्मुख र अतिकम विकसित राष्ट्रहरूमा जलवायु अनुकूलन र न्यूनीकरणका कार्यक्रमहरूका लागि आर्थिक स्रोत जुट्ने गर्दछ ।

विकासोन्मुख राष्ट्रहरूले जलवायु परिवर्तनका लागि विकसित राष्ट्रहरूले प्रतिबद्धता गरेको रकम सम्बन्धित राष्ट्रहरूको सरकारी स्रोतबाटै उपलब्ध हुनुपर्छ भन्दै आएका छन् भने विकसित राष्ट्रहरूले धेरै भन्दा धेरै रकम निजी स्रोतबाट हुनुपर्छ भन्ने तर्क गर्दै आइरहेका छन् । विकासोन्मुख राष्ट्रहरू निजी क्षेत्रले नाफामूलक क्षेत्रमा मात्रै लगानी गर्ने हुँदा उनीहरूको प्राथमिकतामा विकासोन्मुख र अतिकम विकसित राष्ट्रहरूका अनुकूलन कार्यक्रमहरू नपर्ने, आर्थिक मन्दीको बेला निजी कम्पनीले लगानी नगर्ने वा प्रतिफल सुरक्षित भएको क्षेत्रहरूमा मात्र लगानी गर्ने र निजी लगानीकर्ताहरूको जवाफदेहिता सरकार तथा जनताप्रति नभइ आफ्नो शेयर धनीप्रति मात्रै हुने बताउँछन् । यसरी निजी स्रोतको अनिश्चितताको कारण विकसित राष्ट्रहरूले प्रतिबद्धता गरेको प्रतिवर्ष १ अर्ब अमेरिकी डलरमध्ये अधिकांश रकम सरकारी स्रोतबाट हुनुपर्छ भन्ने माग विकासोन्मुख राष्ट्रहरूको तर्फबाट आइरहेको छ । तर विकसित राष्ट्रहरू भने यति ठूलो रकम ती राष्ट्रको सरकारी ढुकुटीले मात्रै धान्न नसक्ने हुनाले निजी क्षेत्रले त्यसको भार बहन गर्नुपर्छ भन्दै आइरहेका छन् ।

संयुक्त राष्ट्रसङ्घ अन्तर्गत हाल भैरहेको बहसमा सरकारी र निजी क्षेत्र दुवैबाट जलवायु परिवर्तनका लागि आर्थिक स्रोत जुटाउने प्रयास भैरहेको छ । तर नेपाल जस्तो अतिकम विकसित राष्ट्रहरूका लागि भने आवश्यक जलवायु अनुकूलन कार्यक्रमहरूका लागि निश्चित सरकारी स्रोतहरूबाट सुनिश्चित हुनुपर्दछ भने कार्बन न्यूनीकरणका कार्यक्रमहरू सरकारी र निजी दुवै स्रोतबाट हुनसक्ने सम्भावनाहरू छन् । त्यसैगरी हवाइ तथा पानीजहाजको यात्रामा अतिरिक्त कर लगाइ जलवायु परिवर्तनका कार्यक्रमहरू सञ्चालन गर्न आर्थिक स्रोत जुटाउने जस्ता नयाँ स्रोतहरूमा पनि थप अध्ययन गरि तत्काल कार्यान्वयनमा ल्याइनुपर्दछ ।

Source: worldchanging.com

विकासोन्मुख राष्ट्रहरू निजी क्षेत्रले नाफामूलक क्षेत्रमा मात्रै लगानी गर्ने हुँदा उनीहरूको प्राथमिकतामा विकासोन्मुख र अतिकम विकसित राष्ट्रहरूका अनुकूलन कार्यक्रमहरू नपर्ने, आर्थिक मन्दीको बेला निजी कम्पनीले लगानी नगर्ने वा प्रतिफल सुरक्षित भएको क्षेत्रहरूमा मात्र लगानी गर्ने र निजी लगानीकर्ताहरूको जवाफदेहिता सरकार तथा जनताप्रति नभइ आफ्नो शेयर धनीप्रति मात्रै हुने बताउँछन् ।

Source: iisd.ca

जलवायु परिवर्तन सम्बन्धी अन्तर्राष्ट्रिय आर्थिक संरचनाहरू

महासन्धि भित्र र बाहिर गरि दुई किसिमका संरचनाहरू मार्फत् जलवायु परिवर्तनका क्षेत्रमा आर्थिक सहायताहरू भइरहेको पाईन्छ ।

महासन्धि भित्रका संरचना	
अतिकम विकसित राष्ट्रहरूको कोष (Least Developed Countries Fund)	अतिकम विकसित राष्ट्रहरूको कार्ययोजना र त्यस अन्तर्गत राष्ट्रिय अनुकूलन कार्यक्रम (NAPA) को निर्माण एवं कार्यान्वयन गर्ने प्रमुख उद्देश्यसहित सन् २००१ मा मोरोक्कोको माराकेशमा सम्पन्न पक्ष राष्ट्रहरूको सातौं सम्मेलन (COP-7) बाट यस कोषको स्थापना भएको हो । ग्लोबल ईन्भारन्मेन्ट फसिलिटी (Global Environment Facility) सञ्चालक निकायका रूपमा रहेको यस कोषमा उपलब्ध आर्थिक स्रोत अतिकम विकसित राष्ट्रहरू बीच समान रूपमा वितरण हुने प्रावधान छ । उक्त कोषबाट नेपालले तीनवटा परियोजनाका लागि करिब १ करोड ५६ लाख अमेरिकी डलर प्राप्त गर्ने सुनिश्चित भइसकेको छ । मध्यकालीन र दीर्घकालीन रूपमा गर्नुपर्ने अनुकूलन कार्यहरूलाई समेटी बनाउनु पर्ने राष्ट्रिय अनुकूलन कार्ययोजना (NAPA) को निर्माणका लागि पनि अतिकम विकसित राष्ट्रहरूलाई यसै कोषबाट आर्थिक स्रोत उपलब्ध गराउने निर्णय भएको छ । विकसित राष्ट्रहरूले स्वेच्छिक रूपमा गर्ने योगदानबाट चल्ने यस कोषमा उच्च माग भए पनि आर्थिक स्रोतको अभाव रहँदै आएको छ ।
जलवायु परिवर्तन विशेष कोष (Special Climate Change Fund)	अतिकम विकसित राष्ट्रहरूको कोषसँगै सन् २००१ मा पक्ष राष्ट्रहरूको सातौं सम्मेलनबाट स्थापित यस कोषले विकासशील राष्ट्रहरूमा अनुकूलन र प्रविधि हस्तान्तरणलाई सहयोग गर्ने उद्देश्य राख्दछ । स्वेच्छिक योगदानबाट नै चल्ने यस कोषमा पनि पर्याप्त आर्थिक स्रोतको भने कमि रहेको छ ।
अनुकूलन कोष (Adaptation Fund)	विकासशील राष्ट्रहरूमा अनुकूलनका कार्यहरू सञ्चालन गर्न सहयोग गर्ने उद्देश्यले क्योटो अभिसन्धि अन्तर्गत सन् १९९७ मा यस कोषको स्थापना भएको हो । स्वच्छ विकास संयन्त्र (CDM) अन्तर्गत हुने कार्बन व्यापारका परियोजनाहरूमा लगाईने २ प्रतिशत शुल्कबाट यस कोषको सञ्चालन हुने व्यवस्था छ । तर, अन्तर्राष्ट्रिय बजारमा कार्बनको मूल्य अत्यन्त न्यून भएका कारणले यो कोषमा आर्थिक अभाव छ । हालैका वर्षहरूमा केहि विकसित राष्ट्रहरूले भने यस कोषका लागि रकम सिधै उपलब्ध गराएका छन् । नेपालले भने हालसम्म पनि यस कोषबाट कार्यक्रम सञ्चालन गर्न आवश्यक राष्ट्रिय कार्यान्वयन निकायको मनोनयन गर्न सकेको छैन ।
हरित जलवायु कोष (Green Climate Fund)	जलवायु परिवर्तनको गाम्भीर्यता ध्यानमा राख्दै यसको सामना गर्न अन्तर्राष्ट्रिय समुदायले बसालेको लक्ष्य हासिल गर्ने दिशामा विश्वव्यापी प्रयासलाई सहयोग गर्ने महत्वपूर्ण र महत्वकाङ्क्षी उद्देश्यसहित सन् २०११ मा यस कोषको स्थापना भएको हो । अहिलेसम्म आर्थिक स्रोत के हुने र स्रोत कसरी परिचालन गर्ने भन्ने टुङ्गो लागि नसकेकोले यस कोष अर्न्तगत कुनै कार्यक्रम संचालन भईसकेको छैन ।
महासन्धि बाहिरका संरचना	जलवायु परिवर्तनसम्बन्धी आर्थिक सहयोग महासन्धि बाहिरका प्रकृयाहरूबाट पनि उल्लेख्य मात्रामा भैरहेका छन् । अझ विकसित राष्ट्रहरूले सहयोगका लागि महासन्धि भित्रका भन्दा बाहिरकै संरचनाहरूलाई बढि रूचाएको पाइन्छ ।
बहुपक्षीय संरचना	विश्व बैंक, एसियाली विकास बैंक, जलवायु लगानी कोष, संयुक्त राष्ट्रसङ्घीय कार्यक्रमहरू आदि नेपालमा जलवायु परिवर्तनका क्षेत्रमा सक्रिय केही बहुपक्षीय निकायहरू हुन् । यीमध्ये जलवायु लगानी कोषमा ४८ वटा विकासोन्मुख राष्ट्रमा सञ्चालन हुने गरि ४ वटा मुख्य कार्यक्रमहरू रहेका छन् । नेपालमा सञ्चालनमा रहेका PPCR/SREP यही कोष अन्तर्गत पर्दछन् र यसको लागि क्रमशः करिब ८ करोड ६० लाख र ४ करोड अमेरिकी डलर विनियोजन गरिएको छ ।
दुईपक्षीय संरचना	जलवायु परिवर्तनसम्बन्धी कार्यक्रमहरू अन्य विकासका कार्यक्रमहरू जस्तै विकसित र विकासशील राष्ट्रबीच दुईपक्षीय सम्झौताका आधारमा पनि भईरहेका छन् । अमेरिकी सहयोग नियोग, बेलायती सहयोग नियोग, विभिन्न राजदूतावासहरू आदि मार्फत् हुने सहयोगहरू यस संरचना अन्तर्गत पर्दछन् ।

Source: chinadiialuge.net

स्वच्छ विकास संयन्त्र (CDM) अन्तर्गत हुने कार्बन व्यापारका परियोजनाहरूमा लगाईने २ प्रतिशत शुल्कबाट यस कोषको सञ्चालन हुने व्यवस्था छ । तर, अन्तर्राष्ट्रिय बजारमा कार्बनको मूल्य अत्यन्त न्यून भएका कारणले यो कोषमा आर्थिक अभाव छ । हालैका वर्षहरूमा केहि विकसित राष्ट्रहरूले भने यस कोषका लागि रकम सिधै उपलब्ध गराएका छन् ।

नेपालमा जलवायु परिवर्तनसम्बन्धी आर्थिक संरचना र प्रावधानहरू

नेपालमा जलवायु परिवर्तनको वित्तीय व्यवस्थाका लागि भनेर हाल सम्म कुनै संरचनाहरू बनेका छैन । जलवायु परिवर्तन नीति, २०६७ मा जलवायु अनुकूलन एवं समानुकूलन, न्यून कार्वन विकास, जोखिमको पहिचान, अध्ययन, अनुसन्धान, प्रविधि विकास तथा उपयोग जस्ता कार्यक्रमहरूको कार्यान्वयनको लागि एक छुट्टै जलवायु परिवर्तन कोषको स्थापना गर्ने कुरा उल्लेख छ, साथै जलवायु परिवर्तन कोषबाट स्थलगत कार्यक्रमको लागि कूल बजेटको कम्तीमा ८० प्रतिशत रकम सिधै कार्यक्रम कार्यान्वयन क्षेत्रमा पठाउने भन्ने प्रावधान छ । जलवायु परिवर्तन नीतिमा उल्लेख भएअनुसार अहिलेसम्म जलवायु परिवर्तन कोषको स्थापना भएको छैन । राष्ट्रिय अनुकूलन कार्यक्रम (नापा) मा पनि ८० प्रतिशत रकम कार्यान्वयन क्षेत्रमा पुग्ने गरी परियोजनाहरू कार्यान्वयन गर्ने कुरा उल्लेख छ । तर स्पष्ट संरचनाको अभावमा यी प्रावधान लागू हुन सकिरहेका छैनन् ।

साथै जलवायु परिवर्तन को षबाट स्थलगत कार्यक्रमको लागि कूल बजेटको कम्तीमा ८० प्रतिशत रकम सिधै कार्यक्रम कार्यान्वयन क्षेत्रमा पठाउने भन्ने प्रावधान छ । जलवायु परिवर्तन नीतिमा उल्लेख भएअनुसार अहिलेसम्म जलवायु परिवर्तन कोषको स्थापना भएको छैन । राष्ट्रिय अनुकूलन कार्यक्रम (नापा) मा पनि ८० प्रतिशत रकम कार्यान्वयन क्षेत्रमा पुग्ने गरी परियोजनाहरू कार्यान्वयन गर्ने कुरा उल्लेख छ ।

जलवायु परिवर्तनको लागि छुट्टै बजेट कोड

चालु आर्थिक वर्षदेखि नेपाल सरकारले जलवायु परिवर्तनको क्षेत्रमा रकम कसरी र कहाँ खर्च भैरहेको छ भन्ने थाहा पाउन सी.पी.इ.आइ.आर (Climate Public Expenditure Initial Review) को सुझावको आधारमा जलवायु वित्तको बहावलाई पत्ता लगाउन गरिने ट्र्याकिङ्लाई सहजीकरण गर्न राष्ट्रिय बजेटमा छुट्टै बजेट कोडको सुरूवात गरेको छ । जसमा कुल बजेटको करिब १०.३४ % बजेट जलवायु परिवर्तनको क्षेत्रमा छुट्याईएको छ । त्यसमध्ये करिब ५.८% अति प्रासङ्गिक (Highly Relevant) र बाँकी ४.६% प्रासङ्गिक (Relevant) रहेको देखिन्छ ।

आर्थिक वर्ष २०७०/७१ मा कुल बजेटमध्ये जलवायु परिवर्तनसंग जुझ्न विभिन्न कार्यक्रमहरूको लागि उपलब्ध १०.३४% रकमको परिचालन तथा कार्यक्रमहरू कार्यान्वयन गर्नको लागि विभिन्न मन्त्रालयहरू जस्तै वातावरण मन्त्रालय, कृषि मन्त्रालय, विज्ञान,प्रविधि तथा वातावरण मन्त्रालय, वन तथा भू-संरक्षण मन्त्रालय, सहरी विकास मन्त्रालय तथा सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयलाई जिम्मेवारी दिइएको छ । राष्ट्रिय योजना आयोगद्वारा नोभेम्वर २०१३ मा प्रकाशित जलवायु परिवर्तन बजेट कोड Application Review मा उल्लेख भएअनुसार आर्थिक वर्ष २०१३/२०१४ मा ११ वटा मन्त्रालयमध्ये सहरी विकास मन्त्रालय अन्तर्गत कुल जलवायु बजेटको २१.५२ %, कृषि मन्त्रालय अन्तर्गत २०.८५ %, सिंचाई मन्त्रालय अन्तर्गत १८.०७ % र अर्थ मन्त्रालय अन्तर्गत १४.०७ % रकम रहेको छ । जलवायु परिवर्तनसम्बन्धी कार्यको समन्वय र नेतृत्व गरिरहेको विज्ञान, प्रविधि तथा वातावरण मन्त्रालयमा भने कुल जलवायु वजेटको ९% रकम रहेको छ ।

जलवायु परिवर्तन वजेट कोडले यस क्षेत्रमा भएको खर्चलाई नियमन तथा अनुगमन गर्ने कार्यलाई सहजता प्रदान गर्नुका साथै भावी नीति तथा योजनाहरू तयार गर्न समेत एक भरपर्दो आधार दिने अनुमान गर्न सकिन्छ ।

गोपीनाथ मैनाली
सह-सचिव
राष्ट्रिय योजना आयोग

बजेट कोडले सरक
उत्तरदायी रहेको

राष्ट्रिय योजना आयोगका सह–सचिव गोपीनाथ मैनाली विगत ५ बर्ष दे
हेर्दै आउनुभएको छ । उहाँ राष्ट्रिय योजना आयोगको वातावरणीय तथ
सम्बन्धी संयोजन कार्य गर्नु हुन्छ । नेपालमा भएको सी.पी.इ.आइ.आर. (C
परिवर्तन बजेट कोड समिति, गरिबी तथा वातावरणीय मुद्दाहरू
गरिएको Poverty Environment Initiative जस्ता कार्यक्रमहरूको संय

Source: blog.worldbank

जलवायु परिवर्तन नीति, २०६७ का आधारमा नेपाल सरकारले यस क्षेत्रमा हुने खर्चको समीक्षा गर्न सी.पी.इ.आइ.आर गरेको छ । जसले नेपालमा ८३ वटा बजेट शीर्षकबाट जलवायुमा खर्च हुने देखायो तर त्यो वास्तवमै जलवायु परिवर्तन सँग सम्बन्धित भए नभएको थाहा पाउन एउटा ट्र्याकिङ् सिस्टम बनाउन विज्ञहरूको टोलीले सुझावसहितको प्रतिवेदन बुझायो ।

नेपाल सरकारले सुरुवात गरेको बजेट कोडबारे प्रकाश पारिदिनुहोस् न ।

जलवायु परिवर्तन नीति, २०६७ का आधारमा नेपाल सरकारले यस क्षेत्रमा हुने खर्चको समीक्षा गर्न सी.पी.इ.आइ.आर गरेको छ । जसले नेपालमा ८३ वटा बजेट शीर्षकबाट जलवायुमा खर्च हुने देखायो तर त्यो वास्तवमै जलवायु परिवर्तनसँग सम्बन्धित भए नभएको थाहा पाउन एउटा ट्र्याकिङ् सिस्टम बनाउन विज्ञहरूको टोलीले सुझावसहितको प्रतिवेदन बुझायो । त्यस प्रतिवेदनलाई स्वीकृत गर्दै सम्बन्धित मन्त्रालयहरूको उच्च पदाधिकारीहरूको कार्यसमूहले जेण्डर बजेट कोडको केहि आधारलाई सन्दर्भ लिँदै ११ वटा मापदण्डको संयुक्त मूल्य (Composite Value) निकालेर ६०% भन्दामाथिको खर्च जलवायुमा भएको छ भने त्यसलाई अति प्रासङ्गिक (Strongly Climate Relevant), २०%-६०% को लागि प्रासङ्गिक (Relevant) र त्योभन्दा कमलाई तटस्थ (Neutral) भन्ने तीन आधारमा रहेर नेपालको ४५५ वटा आयोजनाहरूमध्ये १२४ वटा आयोजनाहरू अति प्रासङ्गिक -Strongly Climate Relevant) र प्रासङ्गिक (Relevant) भन्ने पत्ता लाग्यो र जसमध्ये पनि अति प्रासङ्गिक थोरै छ र दुवै जोड्दा १०.४३% हुन आउँछ । नेपालको यस पहललाई Global Development Expo-2013 लगायतका अन्तर्राष्ट्रिय मञ्चहरूमा समेत निकै प्रशंसा भएको छ । यसबापत नेपालले संयुक्त राष्ट्रसङ्घबाट पहिलोपटक ग्लोबल लिडरशिप अवार्ड-२०१३ समेत प्राप्त गरिसकेको छ ।

कार जलवायु सन्देश दिन्छ



खि राष्ट्रिय योजना आयोगको पूर्वाधार विकास माहाशाखा
ा जलवायु परिवर्तन सम्बन्धी नीति, योजना तथा समन्वय
Climate Public Expenditure Initial Review) र जलवायु
लाई योजनाहरूको मूलधारमा ल्याउनको लागि सुरू
ोजन गर्नुहुन्छ ।

यसपश्चात् जलवायु परिवर्तनको क्षेत्रमा के-कस्ता योजनाहरू छन् ?

योजना आयोगले कार्यक्रम सञ्चालन गर्ने होईन, नीतिगत कुराहरू मात्र गर्छ । यस बजेट कोडको अर्थ भनेको सरकारले जलवायु उत्तरदायी कार्यहरू सञ्चालन गरेको रहेछ भन्ने सन्देश दिने मात्र हो । तसर्थ यसको पोलिसी इम्पलिकेशन छ प्रोग्राम इम्पलिकेशन होईन । तर यसले कार्यक्रमलाई निर्दिष्ट गर्ने आधार भने दिन्छ । यसमा हाम्रो धारणा भनेको जलवायुको लागि हुने खर्चको नतिजा राम्रो निस्कियोस् भन्ने हो । यसको लागि हामी अनुगमन र ट्र्याकिङ् गर्छौं । यस बिषयमा लिइएको पहलका लागि नेपाल अग्रणी राष्ट्र भयो तर जलवायु क्षेत्रमा देशमा कति रकम चाहिन्छ भन्ने कुरा थाहा छैन । यो राष्ट्रको स्थिति अनुसार पनि फरक पर्दछ र यो एक अनुसन्धानको विषय पनि हो । विश्वमा पहिलोपटक हामीले प्लानिङ र पोलिसी टुल्सको रूपमा बजेटलाई उपयोग गर्न सक्यौं भन्ने बिषयमा नेपालले एउटा उदाहरण दिएको छ । यसबाट जलवायु परिवर्तनका क्षेत्रमा व्यवस्थित कोषहरूको पहूँचका लागि धेरै सहयोग गर्ने पक्का छ । यसर्थ योजना आयोगको पहलमा अर्थ, वातावरण, स्थानीय विकास, बन मन्त्रालयले गरेको सहयोगका लागि धन्यवाद दिन पर्छ । साथै यसले आगामी दिनमा यस पोलिसी टुल्सलाई स्तरीय र प्रयोगगामी बनाउन थप प्रयास गर्न सकिन्छ जुन जरूरी पनि छ ।

विश्वमा पहिलोपटक हामीले प्लानिङ र पोलिसी टुल्सको रूपमा बजेटलाई उपयोग गर्न सक्यौं भन्ने बिषयमा नेपालले एउटा उदाहरण दिएको छ । यसबाट जलवायु परिवर्तनका क्षेत्रमा व्यवस्थित कोषहरूको पहूँचका लागि धेरै सहयोग गर्ने पक्का छ ।

Source: publishwhatyoufound.org

Source: www5.iadb.org

राष्ट्रिय योजना आयोगभन्दा पनि सम्बन्धित मन्त्रालय जिम्मेवार रहन्छ । हामीले वर्षमा एकपटक वातावरण मन्त्रालयलाई बोलाएर के-के कामहरू भएको छ त भनेर समीक्षा गर्दछौं । यो बर्ष वातावरण मन्त्रालयसँग त्यस किसिमको समीक्षा भएकै छैन । मलाई लाग्छ वातावरण मन्त्रालयले त्यो विषयमा काम गर्न भ्याएको छैन ।

हामीले नेपाललमा जलवायुको क्षेत्रमा प्रवाह हुने वित्तलाई राष्ट्रिय प्रणालीमा ल्याउन जलवायु वित्तको राष्ट्रिय प्रणाली बनाउनु पर्ने कुरा पनि उठाएका छौं । त्यस्तै जलवायु एक्सन ग्रुप बनाउने प्रतिबद्धता जनाएका छौं र यसमा कामहरू पनि हुँदै छ । यस प्रकारको कार्यपछि कम्तिमा जलवायु परिवर्तनमा आएको पैसा सरकारको नीति, प्राथमिकता र प्रणालीमा ल्याउने र जवाफदेही तवरले खर्च गर्ने स्थितिको सिर्जना गर्ने कार्य गर्छ । साथै जसमार्फत् खर्च भए पनि त्यसले प्रभावकारी नतिजा दिनुपर्छ भन्ने यसको उद्देश्य हो ।

जलवायु परिवर्तन नीति -२०६७ मा स्पष्ट रूपमा जलवायु परिवर्तन कोषको स्थापना गरिने कुरा थियो । यसमा अहिलेसम्मको प्रगतिको अवस्था के छ र योजना आयोगले यसमा कुनै पहल गरिरहेको छ ?

यस विषयमा राष्ट्रिय योजना आयोगभन्दा पनि सम्बन्धित मन्त्रालय जिम्मेवार रहन्छ । हामीले वर्षमा एकपटक वातावरण मन्त्रालयलाई बोलाएर के-के कामहरू भएको छ त भनेर समीक्षा गर्दछौं । यो बर्ष वातावरण मन्त्रालयसँग त्यस किसिमको समीक्षा भएकै छैन । मलाई लाग्छ वातावरण मन्त्रालयले त्यो विषयमा काम गर्न भ्याएको छैन । हामीले भने काम गर्न भनिरहेका छौ । यो सही हो कि जलवायु परिवर्तन नीतिमा भएको व्यवस्था अनुरूप जलवायु परिवर्तन कोष स्थापनाको कार्य छिटो हुनु पर्दछ र त्यसको खर्च नतिजामूलक रूपमा हुनु पर्दछ । आवधिक रूपमा Flash Report जारी गर्नु पर्दछ ताकि यसले जलवायु जवाफदेहिता सिद्ध गर्न सकोस् ।

यस विषयमा यतिखेर राष्ट्रिय योजना आयोगले भने विशेष ध्यान पुऱ्याउन सकेको छैन । यस क्षेत्रमा भैरहने बारम्बारको नेतृत्व परिवर्तनले गर्दा पनि हामीलाई यस सम्बन्धी

कार्य अगाडि बढाउन गाह्रो भैरहेको छ । तर पनि हामीले वातावरण मन्त्रालयलाई पनि काम कहाँसम्म अगाडि बढेको छ भनेर हेर्न एक पटक समीक्षा गरौं भनेका छौं । हामी यस विषयमा चाँडै नै छलफलमा बस्छौं ।

Source: ec.europa.eu

जलवायुसम्बन्धी अनुसन्धानको लागि हुने खर्चलाई ८०% भित्र राख्ने कि नराख्ने भन्ने कुराको लागि समेत हामीले एउटा उपयुक्त योजना निर्माण गर्न आवश्यक छ । त्यस्ता र कम कसरी स्थानीय स्तरसम्म पुऱ्याउने र कत्तिको व्यवहारिक छ भन्ने कुरा एउटा बहसको विषय हो ।

नेपालको राष्ट्रिय जलवायु परिवर्तन नीति-२०६७ तथा राष्ट्रिय अनुकूलन कार्यक्रम (नापा) मा जलवायु परियोजनामा हुने खर्चमध्ये ८०% रकम समुदाय स्तरमा पुग्नुपर्ने व्यवस्था गरेको छ । यो कत्तिको व्यवहारिक छ ?

यसको लागि एउटा गतिलो ढाँचा अथवा संयन्त्र आवश्यक छ । त्यो नेपालमा छैन । हामीसँग स्थानीय निकायमा जनप्रतिनिधिको अनुपस्थितिले पनि व्यवहारिक बाधा पारेको छ ।

कम्तिमा जनताको नाममा आएको पैसा जनताले देख्ने गरि खर्च हुनुपर्छ भन्ने कुरा सही हो । अन्तर्राष्ट्रिय मञ्चहरूबाट पनि सुझावहरू आएका छन् । कतिपय मञ्चहरूमा हामीले नै कुरा उठाएका पनि छौं । जलवायुको नाममा आएको सम्पूर्ण रकम कम्तिमा एउटा ढाँचा अनुरूप आउनुपर्छ भनेर हामीले पनि ७ बुँदाको सुझाव प्रस्ताव कोरियामा सम्पन्न Global Forum on Climate Change Finance मा राखेका छौं । नेपाल सरकार यस्ता रकमहरूलाई एउटा ढाँचा अथवा संयन्त्र अनुरूप आउनुपर्छ भनेर यसमा काम गर्ने सोचमा छ ।

जलवायुसम्बन्धी अनुसन्धानको लागि हुने खर्चलाई ८०% भित्र राख्ने कि नराख्ने भन्ने कुराको लागि समेत हामीले एउटा उपयुक्त योजना निर्माण गर्न आवश्यक छ । त्यस्ता रकम कसरी स्थानीय स्तरसम्म पुऱ्याउने र कत्तिको व्यवहारिक छ भन्ने कुरा एउटा बहसको विषय हो । जलवायु परिवर्तन कोष स्थापना हुन सकेको भए पनि केहि हदमा यस कार्यलाई सघाउ पुग्ने थियो ।

Source: giteo-consult

राजु पण्डित क्षेत्री
नीति सल्लाहकार,
स्वच्छ ऊर्जा नेपाल

हाल तर्जुमा गरिए
८०% रकम समुदा

राजु पण्डित क्षेत्री विगत ७ वर्षदेखि जलवायु परिवर्तनको राष्ट्रिय र अ
जलवायु वित्त तथा यससम्बन्धी वार्ताहरूमा क्षत्रीले नेपालको तर्फबाट वि

Source: trust.org

नेपालले पछिल्ला वर्षहरूमा सबल कदमहरू चाल्दै आएको छ । अहिले हामीसँग राष्ट्रिय जलवायु परिवर्तन नीति-२०६७ छ भने राष्ट्रिय अनुकूलन कार्यक्रम (NAPA) को तर्जुमा भैसकेको छ । साथै, जलवायु अनुकूलनलाई सम्बोधन गर्न नेपाल सरकारसँग विभिन्न कार्यक्रम तथा परियोजनाहरू कार्यान्वयनमा रहेका छन् ।

तपाईंले नेपालको जलवायु परिवर्तनको अवस्था, अनुकूलन तथा न्यूनीकरणको लागि भैरहेको पहलहरूलाई कसरी हेरिरहनुभएको छ ?

जलवायु परिवर्तन नेपाली जनमानसका लागि तुलनात्मक रूपमा नयाँ विषय हो । यसलाई सम्बोधन गर्ने सवालमा हामी अझै बुझाइको चरणमा छौं । जलवायु परिवर्तनको असरबाट उच्च जोखिममा रहेको नेपालले अनुकूलन तथा न्यूनीकरण दुवै विषयमा कार्य गर्न आवश्यक छ । नेपालले पछिल्ला वर्षहरूमा सबल कदमहरू चाल्दै आएको छ । अहिले हामीसँग राष्ट्रिय जलवायु परिवर्तन नीति-२०६७ छ भने राष्ट्रिय अनुकूलन कार्यक्रम (NAPA) को तर्जुमा भैसकेको छ । साथै, जलवायु अनुकूलनलाई सम्बोधन गर्न नेपाल सरकारसँग विभिन्न कार्यक्रम तथा परियोजनाहरू कार्यान्वयनमा रहेका छन् । मलाई लाग्छ नेपालले जलवायु परिवर्तनका समस्याहरूलाई सम्बोधन गर्न यस मुद्दालाई दिगो विकाससँग जोडेर लैजानु पर्छ ।

जलवायु परिवर्तन प्रभाव न्यूनीकरण र अनुकूलनको लागि अहिलेसम्म नेपालले प्राप्त गरिरहेको सहयोग पर्याप्त छ वा छैन ?

नेपालजस्तो गरिब तथा सङ्कटासन्न राष्ट्रमा पर्याप्ततालाई सापेक्षिक रूपमा हेरिनु पर्दछ । मैले अघि भनेजस्तै राष्ट्रमा जलवायु परिवर्तनका प्रभावहरू तथा यसको गाम्भीर्यता नबुझेसम्म कति मात्राको रकम पर्याप्त हो भन्ने यकीन गर्न गाह्रो हुन्छ । जलवायु विज्ञान र यसको बुझाइ विकासको अवस्थामा रहेको र यो समस्या समाधान गर्न पर्याप्त अन्तर्राष्ट्रिय पहल नभएको अवस्थामा आगामी वर्षहरूमा हामीले धेरै असरहरू भोग्नुपर्ने

का कार्यक्रमहरूबाट
यमा पुग्न असम्भव छ ।

अन्तर्राष्ट्रिय तहमा वार्ता तथा पैरवीमा सहभागी हुँदै आउनुभएको छ ।
शेष भूमिका निभाउँदै आउनुभएको छ ।

देखिन्छ । तर मलाई लाग्छ, नेपाल सरकारको योजना अनुसारका कार्यक्रम कार्यान्वयन गर्न प्रशस्त रकम आवश्यक छ । उदाहरणको लागि राष्ट्रिय अनुकूलन कार्यक्रम (NAPA) ३५ करोड अमेरिकी डलरको कार्यक्रम बनाएको छ तर हामीसँग १ करोड ६० लाख अमेरिकी डलरको मात्र पहूँच छ । त्यसैले नापा कार्यक्रम लागू हुन हामीले अझै लामो समय कुर्नु पर्ने देखिन्छ । कहिलेकाहीँ अनुकूलनको लागि कति र विकास कार्यको लागि कति रकम आवश्यक हो भन्ने छुट्याउन नसक्दा पनि हामी समस्यामा पर्दै आएका छौँ । तत्कालीन अवस्थामा अति गरिब र जोखिममा रहेका समुदायलाई प्राथमिकीकरण गर्दै उपलब्ध रकमलाई उचित तवरले खर्च गर्न जरूरी छ ।

कहिलेकाहीँ अनुकूलनको लागि कति र विकास कार्यको लागि कति रकम आवश्यक हो भन्ने छुट्याउन नसक्दा पनि हामी समस्यामा पर्दै आएका छौँ । तत्कालीन अवस्थामा अति गरिब र जोखिममा रहेका समुदायलाई प्राथमिकीकरण गर्दै उपलब्ध र कमलाई उचित तवरले खर्च गर्न जरूरी छ ।

नेपालमा उपलब्ध रकमको प्रभावकारी विनियोजन र कार्यान्वयन गर्न के के पहल भएका छन् ? ती पहल कतिको प्रभावकारी छन् ?

हामीले आवश्यकता अनुसारको रकम प्राप्त नसकिरहेको अवस्थामा सीमित स्रोत र साधनको तानातान हुनु स्वभाविकै हो । यस चुनौतिको सामना गर्दै काम अगाडि बढाउनु त छँदैछ तर सीमित स्रोत र साधनको उपयुक्त वितरणको लागि वैज्ञानिक उपाय अवलम्बन गर्न पनि जरूरी देखिन्छ । अहिलेसम्मको अनुभवले रकमको बाँडफाँड प्रभावकारी र समतामूलक नभएको देखिन्छ । नेपालमा रकमको बाँडफाँडमा शक्तिशाली मन्त्रालय तथा दातृ निकायहरूको प्रभाव रहेको पाईन्छ । नेपालको धेरैजसो जलवायु परियोजनाहरू सुरूवाती चरणमा रहेकाले तिनीहरू कत्तिको प्रभावकारी छन् भन्न गाह्रो छ तर आगामी २-३ वर्षमा भने हामी त्यसबारे केही भन्न सक्ने अवस्थामा पुग्छौँ ।

Source: youthuni

अन्तर्राष्ट्रिय सहयोग निकायहरूले ८०% भनेको के हो परिभाषित गर्नुपर्छ भनिरहेको अवस्था छ । NAPA कार्यान्वयन अझै पनि सुरूवाती अवस्थामा रहेकोले कति रकम तल गएको छ भन्न अहिले नै केही चाँडो हुन्छ । तर जसरी यसका परियोजनाहरू डिजाईन गरिएको छ त्यसअनुसार ८०% को लक्ष्य भेट्टाउन सक्छ भन्ने आधार चाहिँ साह्रै कम छ ।

NAPA मा ८०% रकम समुदायस्तरमा पुग्ने स्पष्ट प्रावधान छ । के अहिले कार्यान्वयनमा रहेका परियोजनाहरूमा त्यो कुरा लागू भएका छन होला त ?

हो । NAPA ले ८०% रकम समुदाय स्तरमा लग्नुपर्ने कुरालाई स्पष्ट उल्लेख गरेको छ । जलवायु परिवर्तन नीति-२०६७ ले पनि यो कुरालाई पटक पटक दोहोऱ्याएर ध्यान आकर्षण गराएको छ । तर यो प्रावधान लागू भएको हामीले पाएका छैनौं । रकम तल्लो तहमा नपुगेको मात्र होईन, हामीसँग कति पैसा स्थानीय तहमा पुग्यो भन्ने कुराको अनुगमन गर्ने संयन्त्र पनि छैन । अन्तर्राष्ट्रिय सहयोग निकायहरूले ८०% भनेको के हो परिभाषित गर्नुपर्छ भनिरहेको अवस्था छ । NAPA कार्यान्वयन अझै पनि सुरूवाती अवस्थामा रहेकोले कति रकम तल गएको छ भन्न अहिले नै केही चाँडो हुन्छ । तर जसरी यसका परियोजनाहरू डिजाईन गरिएको छ त्यसअनुसार ८०% को लक्ष्य भेट्टाउन सक्छ भन्ने आधार चाहिँ साह्रै कम छ ।

अन्तमा, अनुकूलन तथा न्यूनीकरणका कार्यहरूलाई प्रभावकारी बनाउन र वित्तीय स्रोतको पर्याप्त व्यवस्था गर्न नेपालले राष्ट्रिय स्तरबाट के-के कार्य गर्नुपर्ला?

नेपालले केही सकारात्मक कदमहरू चाली नै रहेको अवस्था छ । तर पनि हामीले सुधार गनुपर्ने कुराहरू अझै धेरै बाँकी छन् । जस्तैः

- राष्ट्रमा जलवायु परिवर्तनको लागि सहयोग रकम आउँदा हामीले दाताहरूको सहयोगलाई सक्दो संयोजन गर्न र सन्तुलनमा राख्न आवश्यक छ । एक द्वार नीति बनाउनु उपयुक्त हुन्छ । तर सुरूवातमा बजेट नियमावलीमा समेत जलवायु परिवर्तन सूचकहरूलाई बलियो बनाउँदै जानु पर्ने देखिन्छ ।
- विभिन्न मन्त्रालय र विभागहरू जलवायु परिवर्तनसम्बन्धी काममा समन्वय गरेर अगाडि बढ्नु जरूरी देखिन्छ । यसो गर्दा समस्या समाधान गर्न, दोहोरोपन हटाउन र प्रभावकारी ढङ्गले काम गर्न मद्दत पुग्दछ ।
- सम्पूर्ण तहहरूमा खर्चको उचित निगरानी राख्न वैज्ञानिक विधिको विकास गर्नु आवश्यक छ । जसले हामीलाई राष्ट्रिय तहमा कति रकम छ र स्थानीय तहमा कति रकम गैरहेको छ भन्ने थाहा पाउन पनि सहयोग गर्दछ ।
- सुरूमा यी मुख्य कुराहरूलाई ध्यान दियौं भने अगाडि बढ्न सहज हुन्छ र भविष्यमा अझ सुधार गर्दै लान सकिन्छ ।

अन्त्यमा

वातावरण मन्त्रालयले जलवायु परिवर्तनका क्षेत्रमा आफ्नो भूमिका तथा अन्य मन्त्रालय, विभाग र निकायहरूसँग समन्वय र अन्तरसम्बन्ध स्पष्ट तोकी सरकारी निकायभित्र सूचना प्रवाह गराउन जरूरी छ । त्यस्तैगरि, जलवायु योजना र नीतिहरूलाई अगाडि बढाउन जरूरी छ । र, सबैभन्दा महत्वपूर्ण रूपमा जलवायु वित्तका निम्ति विस्तृत कार्ययोजनाको तयार गरी पारदर्शी संयन्त्र निर्माण गर्न जरूरी छ । नागरिक समाजले पनि निरीक्षण तथा जवाफदेहिताका निम्ति पहरेदारको भूमिका निर्वाह गर्न जरूरी छ ।

हाल नेपालमा सञ्चालनमा रहेका जलवायु परिवर्तनसम्बन्धी केही कार्यक्रमहरू

कार्यक्रम/परियोजना	उद्देश्य	कार्यक्षेत्र	अनुमानित लागत
नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रम (NCCSP)	नेपालका अति विपन्न तथा सङ्कटासन्न अवस्थामा रहेको समुदायलाई जलवायु परिवर्तनको असरहरूसँग प्रभावकारी रूपमा अनुकूलन क्षमता बढाउने र विपन्न र सङ्कटासन्नताको अवस्थामा रहेका समुदायको जलवायु समानुकूलनता बढाउन अपर्भट र तुरून्त (Urgent and Immediate) अनुकूलन कार्यक्रम सम्पन्न गर्ने ।	मध्य तथा सुदूर पश्चिम विकास क्षेत्रको १४ जिल्लाका ६९ गा.वि.स. र १ नगरपालिकामा ७० वटा स्थानीय अनुकूलन कार्ययोजना (LAPA) कार्यान्वयन थालि सकिएको र थप ३० वटा लापा पनि तयार हुँदै छ ।	पहिलो चरणको कार्यान्वयन अन्तर्राष्ट्रिय विकास विभाग (DFID) तथा युरोपेली सङ्घ (EU) को आर्थिक सहयोग रहेको यस कार्यक्रमको कुल लागत करिब २ करोड १५ लाख अमेरिकी डलर रहेको छ ।
जलवायु समानुकूलनका लागि नमुना परियोजना (PPCR)	गरिबी निवारण र दिगो विकासको राष्ट्रिय लक्ष्यलाई निरन्तरता दिँदै जलवायु समानुकूलित हुने विकासपथलाई अवलम्बन गर्ने र जलवायु जोखिम र समानुकुलनतालाई राष्ट्रिय विकास योजनामा समाहित गर्न खुल्ला रणनीतिहरूको समर्थन तथा पहल गर्ने ।	राष्ट्रिय स्तरमा कार्यन्वयन चरणमा रहेको छ ।	जलवायु लगानी कोष मार्फत् ८ करोड ६० लाख अमेरिकी डलर प्रतिबद्धता जनाइएको छ जसमा ५ करोड अनुदान र ३ करोड ६० लाख अमेरिकी डलर सहुलियत ऋण रहेको छ ।
पारिस्थितिक प्रणालीमा आधारित अनुकूलन कार्यक्रमः (Ecosystem Based Adaptation-EBA in mountain ecosystem in Nepal)	पर्यावरणमा आधारित अनुकूलनलाई प्रवर्द्धन गर्न पर्वतीय पारिस्थितिक प्रणालीलाई विशेष जोड दिँदै समुदायको सङ्कटासन्नतालाई घटाउँदै लानु र लैङ्गिक र सामाजिक समावेशीरणलाई प्राथामिकतामा राख्दै वातावरण, ऊर्जा र जलवायु परिवर्तनलाई राष्ट्रिय र स्थानीय विकासको मूलधारमा ल्याउनु ।	यस कार्यक्रम कास्की, स्याङ्जा र पर्वत जिल्लाको पञ्चासे क्षेत्रमा सञ्चालनमा रहेको छ ।	जलवायु लगानी कोष मार्फत् वातावरण, प्रकृति संरक्षण र परमाणु सुरक्षाको लागि जर्मन सङ्घीय मन्त्रालय (BMU) को आर्थिक सहयोग रहेको यस कार्यक्रम संयुक्त राष्ट्रसङ्घीय वातावरणीय कार्यक्रम (UNEP), संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रम (UNDP) र प्रकृति संरक्षणको लागि अन्तर्राष्ट्रिय सङ्गठन (IUCN) द्वारा सञ्चालित कार्यक्रम करिब ३ करोड ३७ लाख अमेरिकी डलरको लागत रहेको छ ।
समुदायमा आधारित बाढी तथा हिमताल जोखिम न्यूनीकरण कार्यक्रम (Community Based Flood and Glacial Lake Outburst Risk Reduction Project –CBFGLORR)	हिमताल विस्फोटनबाट हुन सक्ने मानवीय र भौतिक क्षतिलाई कम गर्ने र फलस्वरूप तराई तथा चुरियामा हुनसक्ने बाढीजन्य विनासलाई कम गर्ने ।	सोलुखुम्बु जिल्ला	संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रम (UNDP) र अतिकम विकसित राष्ट्रहरूको कोष (LDCF) बाट प्राप्त करिब ७२ लाख अमेरिकी डलरको लागत रहेको छ ।

कार्यक्रम/परियोजना	उद्देश्य	कार्यक्षेत्र	अनुमानित लागत
हरियो बन कार्यक्रम	जलवायु परिवर्तनका नकारात्मक प्रभावहरू र जैविक विविधतामा हुने जोखिमहरू न्यूनीकरण गर्नु, बनको संरक्षण र पुनरूत्थान गरी महिला, गरिब तथा बनमा आश्रित समुदायको जीवनयापनमा सघाउ पुऱ्याउनु तथा मानव र पारिस्थितिकीय प्रणालीमा जलवायु परिवर्तनबाट हुने प्रभावहरू संग सामना गर्न सक्ने क्षमता वृद्धि गर्नु ।	हरियो बन कार्यक्रमको प्रारम्भमा तराई भू-परिधि क्षेत्र अन्तर्गतका कन्चनपुर, बाँके, कैलाली, बर्दिया, रौतहट, बारा, पर्सा, चितवन र नवलपरासी जिल्लाहरू र चितवन अन्नपूर्ण भू-परिधिको १९ जिल्लामध्ये हरियो वन कार्यक्रमले प्रथम वर्षमा काली, सेती र मर्स्याङ्दी जलाधार क्षेत्रमा पर्ने मुस्ताङ, चितवन, तनहुँ, कास्की, लमजुङ्ग र गोरखा जिल्लामा कार्यक्रमहरू केन्द्रित गरेको छ ।	सन् २०११ देखि २०१६ सम्मको अवधि रहेको यो कार्यक्रम अमेरिकी सहयोग नियोग (युएसएड) बाट प्रदान गरिएको ३ करोड अमेरिकी डलरको सहयोगमा सञ्चालन भैरहेको छ ।

लेखन : पल्लव रेग्मी (CEN), कृति श्रेष्ठ (CEN) र दिपेश चापागाई (OXFAM) • सम्पादन : सुनिल आचार्य

स्वच्छ ऊर्जा नेपाल
१४० बुलबुले मार्ग, थापागाउँ, बानेश्वर,
पोष्ट बक्स२४५८१, काठमाडौं ।
फोन ०१ ४४६४९८१, ०१६९१५६४९
इमेल info@cen.org.np
वेबसाइट www.cen.org.np

OXFAM

design&printproduction: wps, eMail: wpsnepal@gmail.com

यस प्रकाशनमा व्यक्त विचार तथा जानकारीहरू सम्पादकको व्यक्तिगत हुन र उक्त विचार र जानकारीहरू CEN तथा लेखक र सम्पादकले प्रतिनिधित्व गर्ने संस्थाहरूका आधिकारिक धारणासँग मेल नखान पनि सक्दछन् ।

यस प्रकाशनको आंशिक या सम्पूर्ण भाग गैर-नाफामुलक र शैक्षिक उद्देश्यका लागि पुनःप्रकाशन, फाटोकपी वा अन्यकुनै माध्यबाट वितरण या प्रयोग गर्न सकिनेछ । यसका लागि CEN मा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।